# सामजिक सेवा केन्द्र (सोसेक)
# दैलेख
# Social Service Centre (SOSEC)
# Dailekh

# साझेदारी निति २०६५
# Partnership Policy 2065


सामाजिक सेवा केन्द्र (सोसेक), दैलेख

**कार्यालय**

दैलेख बजार फोन नं ०८९-४२०१८७/४२००९३

इमेल : sosecdailekh@gmail.com /hirad@ntc.net.np/sosecdlk@ntc.net.np

# सामाजिक सेवा केन्द्र (सोसेक)दैलेख
# साझेदारी नीति २०६५

सन्दर्भ :

सामाजिक सेवा केन्द्र (सोसेक)दैलेखको विधान २०५४ को दोस्रो संशोधन २०६४ को नियम २९ को मातहतमा रही दीर्घकालिन संस्था विकासका लागि तथा विभिन्न कार्यक्रम संचलान गर्ने सन्दर्भमा समुदायमा दिगो र गुणस्तरी सेवा प्रवाह गर्ने र संस्थागत विकास गर्ने अभिप्रायले संस्थाले आफ्नो साझेदारी नीति तयार गरेको छ ।

परिभाषा :

कुनै पनि कार्यक्रम संचालनका दौरानमा संस्थागत विकास, विस्तार र दिगोपनाका लागि सेवा प्रदान गर्ने सरोकारवाला निकाय विच कार्य संचालनमा एकरुपता ल्याउन, आर्थिक व्यवस्थापन तथा संस्थागत विकासका लागि समान साझेदारी कायम गरी कार्यसम्पादनमा पूर्ण टेवा पुर्‍याउने निति नै साझदारी निति हो ।

साझेदारीका महत्वपूर्ण शर्तहरु :

१. संस्थाले हरेक क्षेत्र तथा निकायसंग साझेदारी गर्दा साझेदारी नितिमा उल्लेख भएका बुदांहरुको साथै लक्ष्य, उदेश्य, रणनिति र संस्था व्यवस्थापन नियमावलीको पूर्ण पालना गर्ने छ ।
२. साझेदारी गर्दा भएका महत्वपूर्ण छलफल र साझेदारीका बुदांहरु प्रति ध्यानाकर्षण हुन नसकेमा तर साझेदारी निति प्रतिकूल नहुने गरी साझेदारी गर्न सकिने छ ।
३. साझेदारी नितिका उल्लेखित आर्थिक निति सम्वन्धी बुदांको पालना गर्दा वैकल्पिक उपायहरुको पालना गर्न सकिने छ ।
४. समुदायको मागमा आधारित कार्यक्रम भएमा मात्र साझेदारी गर्न सकिने छ ।
५. समुदायको धर्म संस्कृति बिथोलीने तथा विखण्डन ल्याउने वर्ग, जातजाति लिङ, विभेदलाई टेवा पुर्‍याउने कार्यक्रम संचालन गर्ने भएमा साझेदारी गर्न सकिने छैन ।
६. संस्थाको लक्ष्य र उद्देश्य बमोजिम नभएमा साझेदारी गर्न सकिने छैन ।
७. संस्थाको समग्र विकासमा सेवा प्रचलन प्राप्त भौतिक सामाग्रीहरु :

    थप बुदाहरु

    १. महिला, दलित, विपन्न, जनजाति र बालबालिकाका लागि शिक्षा र स्वास्थ्य तथा आय आर्जनमा आधारित कार्यक्रममा साझेदारी गरिने छ ।
    २. दोहोरो साझेदारी
    ३. लचकताको नीति अवलम्बन गर्ने
    ४. मानव श्रोत विकास गर्ने
    ५. संस्थागत विकास गर्ने
    ६. अधिकतम आन्तरिक श्रोत परिचालन हुने कार्यक्रमलाई पहिलो प्राथमिकता दिने ।
    ७. परिणाममुखि कार्यक्रम संचालन गर्ने ।

| क.सं. | साझेदारी नितिको क्षेत्र निर्धारण | साझेदारी (नितिका) आधारहरु |
|---|---|---|
| १. | समुह, समुदाय | १. संस्थाको उद्देश्य अनुकुल भएमा<br>२. संस्थाको लक्षित वर्गसंग मेल खाएमा<br>३. अधिकतम जनपरिचालन गर्ने खालका कार्यक्रमहरु भएमा<br>४. संस्थाको कार्यक्षेत्र स्थान, विषयमेल खाएमा<br>५. समुदायको वास्तविक माग फारम |
| २. | स्थानीय निकाय | १. संस्थाको लक्षित वर्ग, विषयगत क्षेत्रको मेल खाएमा<br>२. गैह्र सरकारी संस्था परिचालन तथा सहयोग नीति अनुसार |
| ३. | निजी क्षेत्र | १. संस्थाको लक्षित वर्ग, विषयगत क्षेत्रको मेल खाएमा<br>२. निजी क्षेत्रमा गैह्र सरकारी संस्था परिचालन तथा सहयोग नीति भएमा |
| ४. | सरकारी निकाय | १. संस्थाको लक्षित वर्ग, विषयगत क्षेत्रको मेल खाएमा<br>२. गैह्र सरकारी संस्था परिचालन तथा सहयोग नीति अनुसार |
| ५. | स्थानीय गैसस र अन्य नेटवर्क | १. संस्थाको उद्देश्य अनुकुल भएमा<br>२. संस्थाको लक्षित वर्गसंग मेल खाएमा<br>३. अधिकतम जनपरिचालन गर्ने खालका कार्यक्रमहरु भएमा<br>४. संस्थाको कार्य क्षेत्र स्थान, विषयमेल खाएमा<br>५. समुदायको वास्तविक माग फारम अनुसारका जनसहभागितामा आधारित कार्यक्रम भएमा |
| ६. | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स., कुटनितिक नियोग | १. संस्थाका उद्देश्य, लक्षित वर्ग, विषयगत क्षेत्रको मेल खाएमा<br>२. संस्था व्यवस्थापन नियमावली अनुसार साझेदारी गर्न मञ्जुर भएमा<br>३. संस्थाले लिएका सवालको लाई सहयोग गर्ने साझेदार निती भएमा |